(मस्यौदा)

# होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पूर्वाधार विकास कार्यसञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:** सामुदायिक होमस्टेहरुमा पर्यटकीय पूर्वाधार विकास गर्दै ग्रामीण क्षेत्रका प्राकृतिक तथा सांस्कृतिक आकर्षणहरु एवं रहनसहन, रीतिरिवाज र आतिथ्यतालाई आन्तरिक तथा बाह्य पर्यटकहरुसम्म पुर्याई ग्रामीण एवम् स्थानीय उत्पादनमा जोड दिँदै आयआर्जन र रोजगारीमा अभिवृद्धि गर्न होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पूर्वाधार विकास कार्यलाई सरल, व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले प्रदेश सरकार प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम " होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पूर्वाधार विकास कार्य सञ्चालन कार्यविधि, २०७६ " रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "एकल परियोजना" भन्नाले एउटा मात्र सामुदायिक होमस्टेले आफ्नो क्षेत्र भित्र क्षमता अभिवृद्धि र सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने तथा पूर्वाधार विकास गर्न कार्यान्वयन गरिने योजना सम्झनु पर्छ।

(ख) "परियोजना" भन्नाले होमस्टे सञ्चालन गर्ने समुदायमा होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पूर्वाधार विकास वा सञ्चालन गर्न यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने योजना सम्झनु पर्छ।

(ग) "पूर्वाधार" भन्नाले होमस्टे सञ्चालन तथा प्रवर्द्धनसँग सम्बन्धित पर्यटक सूचना केन्द्र, सामुदायिक भवन, बहुउद्देश्यीय भवन, सार्वजनिक सभागृह, प्रदर्शनी स्थल, हस्तकला केन्द्र, कोशेली घर, सौगात गृह, सांस्कृतिक संग्रहालय, सार्वजनिक पुस्तकालय, पार्क तथा उद्यान, भ्यू-टावर, प्रवेशद्वार, पदमार्ग, ढुङ्गेमार्ग, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, स्वच्छ खानेपानीको प्रबन्ध, ढल व्यवस्थापन, इन्टरनेट, टेलिफोन वा विद्युत सुविधा, सामुदायिक होमस्टे भवनका लागि फर्निचर तथा फर्निसिङ जस्ता कार्य सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका होमस्टे सञ्चालन तथा प्रवर्द्धनसंग सम्बन्धित अन्य पूर्वाधार समेतलाई जनाउँछ।

(घ) "पूर्वाधार विकास" भन्नाले होमस्टे सम्बन्धी नयाँ भौतिक संरचना निर्माण, मर्मत संभार, विस्तार तथा पुनर्स्थापना गर्ने जस्ता कार्य सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश सम्झनु पर्छ।

(च) "युवा" भन्नाले १८ वर्ष देखि ४० वर्ष उमेर समूहको व्यक्ति सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले होमस्टे सञ्चालन हुने सम्बन्धित स्थानीय तह सम्झनु पर्छ।

(ज) "संयुक्त परियोजना" भन्नाले एकै स्थानमा वा नजिकै जोडिएर रहेका (क्लष्टरमा रहेका) दुई वा दुई भन्दा बढि होमस्टेहरुले सो क्षेत्रभित्र क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न र पूर्वाधार विकास गर्न कार्यान्वयन गरिने योजना सम्झनु पर्छ।



सचिव

(ञ) "समिति" भन्नाले होमस्टे व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७६ को दफा ९ बमोजिम गठन भएको होमस्टे व्यवस्थापन तथा सञ्चालक समिति सम्झनु पर्छ ।

(ञ) "सामाजिक परीक्षण" भन्नाले संबन्धित निर्माण/संचालक समितिका पदाधिकारीहरु, समुदायमा बसोबास गर्ने प्रतिष्ठित व्यक्तित्वहरु,समुदायमा रहेका सरकारी/गैह्रसरकारी संस्थाका प्रतिनिधिहरु सामुदायिक संस्थाहरुका प्रतिनिधिहरु, वार्ड तथा पालिकाका प्रतिनिधिहरु समेतको भेलाले परियोजनाको कार्यान्वयन प्रक्रिया,उपलब्धि तथा आय व्यय संबन्धी विषयमा यथार्थ विवरण सहित गरिएको लिखित विवरण सम्झनुपर्छ ।

(ट) "होमस्टे" भन्नाले पर्यटकलाई स्थानीय परिवेशमा आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले सामूहिक रुपमा सञ्चालन गरिएको सामुदायिक घरवास सेवा सम्झनु पर्छ ।

(ठ) "होमस्टे पर्यटन विकास" भन्नाले होमस्टे क्षेत्रभित्र वा वरिपरि रहेका प्राकृतिक, सांस्कृतिक, पुरातात्विक, वातावरणीय महत्वका मौलिक श्रोतहरुको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्दै सो मार्फत् ग्रामीण पर्यटन विकास र स्थानीय समुदायहरुको आयआर्जनमा बृद्धि र जीविकोपार्जनमा सुधार गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ड) "होमस्टेमा क्षमता अभिवृद्धि तथा सशक्तिकरण" भन्नाले होमस्टे संचालक वा सदस्यहरुको क्षमता अभिवृद्धिका लागि दिइने तालिम, कार्यशाला गोष्ठी, अध्ययन भ्रमण, जनचेतना र्‍याली तथा आर्थिक/सामाजिक सशक्तिकरण गराउने खालका थप आय आर्जन गराउने कार्यक्रमहरु समेतलाई जनाउँछ ।

३. **प्रस्ताव आव्हान गर्ने** : (१) होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पूर्वाधार विकासका लागि मन्त्रालयमा विनियोजित रकमको परिधिभित्र रही मन्त्रालयले रकमको बाँडफाँड गरी परियोजना प्रस्तावका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान । गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा मन्त्रालयले साबिकका होमस्टेलाई अनुदान उपलब्ध गराउँदा प्रदेशको एक निर्वाचन क्षेत्रमा कम्तिमा एउटा र बढिमा १० वटामा नबढ्ने गरी तथा नयाँ दर्ता हुन आउने सामुदायिक होमस्टेका लागि प्रदेशको एक निर्वाचन क्षेत्रमा कम्तिमा एउटा पर्ने गरी छुट्टा छुट्टै संख्या खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना नेपाली भाषामा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्ने तथा स्थानीय रेडियोमा समेत प्रसारण गर्न सकिनेछ र मन्त्रालयको वेबसाईटमा समेत राखिनेछ ।

(४) प्रस्ताव आह्वान गर्दा कम्तिमा ३० दिनको म्याद दिईनेछ तर मन्त्रालयले सोही आर्थिक वर्षमा पुन: प्रस्ताव आह्वान गर्नु परेमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्न सक्नेछ ।

४. **प्रस्ताव पेश गर्ने** : (१) सामुदायिक होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिले एकल वा संयुक्त रुपमा अनुसूची-१ अनुसार पूर्वाधार विकास सम्वन्धी र क्षमता अभिवृद्धि तथा सशक्तिकरण सम्बन्धी परियोजनाको प्रस्ताव पेश गर्न सक्नेछन । एकै स्थानमा वा नजिकै जोडिएर रहेका (क्लष्टरमा रहेका) दुई वा दुई भन्दा बढि होमस्टेहरुले संयुक्त परियोजना प्रस्ताव गर्दा संलग्न हुने सबै होमस्टेहरुका सदस्यहरुको सर्वसम्मत सहमतिमा संयुक्त रुपमा प्रस्ताव पेश गर्नुपर्नेछ । एकल वा संयुक्त रुपमा

परियोजनाको प्रस्ताव पेश गर्दा स्थानीय तहको सिफारिस समेत संलग्न राखी मन्त्रालयमा वा तोकिएको जिल्लास्तरको कार्यालय मार्फत पेश गर्न सकिनेछ । प्रस्तावको सँधैमा पेश भएको परियोजनाको लागत अनुमानमा कार्यक्रम सञ्चालनको व्यवस्थापकीय तथा अनुगमन कार्यका लागि नियमानुसारको कन्टिन्जेन्सी समेत समावेश गरी पेश गर्न सकिनेछ ।

(२) परियोजना प्रस्तावको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **प्रस्ताव मूल्यांकन गर्ने:** (१) मन्त्रालयले प्राप्त हुन आएका परियोजना प्रस्तावहरुको मूल्यांकनको लागि देहाय बमोजिमको एक समिति गठन गर्नेछ :

| | |
|---|---|
| (क) मन्त्रालयको पर्यटन हेर्ने महाशाखा प्रमुख | –संयोजक |
| (ख) आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत प्रतिनिधि | – सदस्य |
| (ग) भौतिक पूर्वाधार विकास मन्त्रालयको अधिकृत प्रतिनिधि | – सदस्य |
| (घ) प्रदेश लेखा नियन्त्रक कार्यालयको अधिकृत प्रतिनिधि | – सदस्य |
| (ङ) मन्त्रालयको कानून अधिकृत | – सदस्य |
| (च) पर्यटन शाखाको अधिकृत | – सदस्य सचिव |

(२) मन्त्रालयले सार्वजनिक सूचना आव्हान गरे बमोजिम प्राप्त हुन आएका सबै प्रस्तावहरु मूल्यांकन समितिमा पठाउनेछ ।

(३) समितिले प्रस्तावहरुको मूल्यांकन गर्न आवश्यकता अनुसार उप-समिति गठन गर्न सक्नेछ ।

(४) प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको २१ दिनभित्र समितिले प्रस्तावहरुको मूल्यांकन गरिसक्नु पर्नेछ । प्राप्त प्रस्तावको संख्या र प्रकृति हेरी मन्त्रालयले आवश्यकतानुसार मुल्यांकनको समयावधि थप गर्न सक्नेछ ।

(५) मन्त्रालयले अनुसूची-३ को अधिनमा रही मूल्यांकनका आधारहरु प्रस्ताव आव्हान गर्नु अघि तयार गर्ने छ र सोही अनुसार समितिले प्रस्तावहरुको मूल्यांकन गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(६) होमस्टेको क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पूर्वाधार विकासका लागि परियोजना प्रस्ताव मूल्यांकन गर्दा होमस्टे संचालन गर्न उपलब्ध हुनसक्ने युवा जनशक्तिको अवस्थालाई समेत आधार लिइनेछ ।

(७) प्रस्ताव मूल्यांकन सम्बन्धी अन्य कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ ।

६. **प्रस्तावको स्वीकृति:** (१) मूल्यांकन समितिले मूल्यांकन गरी पेश गरेका परियोजना प्रस्तावहरु मन्त्रालयले स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएका परियोजनाको जानकारी प्रस्ताव पेश गर्ने होमस्टे समितिलाई ७ दिन भित्र दिईनेछ ।



सदिग्न

७. **परियोजना कार्यान्वयन सम्बन्धी सम्झौताः** (१) होमस्टे व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ को दफा ९ अनुसार गठित समितिले उपभोक्ता समितिको कार्य समेत गर्नेछ । संयुक्त परियोजनाको हकमा प्रत्येक होमस्टेहरुको प्रतिनिधित्व हुने गरी छुट्टै उपभोक्ता समिति गठन गर्न सकिनेछ ।

(२) स्वीकृत परियोजनाहरुको कार्यान्वयनको लागि उपदफा (१) बमोजिमको समितिसँग मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले जानकारी दिएको ७ दिन भित्र सम्झौता गर्नुपर्नेछ । संयुक्त परियोजनाका हकमा संलग्न हुने सबै होमस्टेका प्रतिनिधिहरुले संयुक्त रुपमा सम्झौता गर्नु पर्नेछ ।

(३) तोकिएको अवधिमा सम्झौता गर्न नआएमा योग्यताक्रममा रहेका अन्य प्रस्तावकहरुलाई सूचना दिई सम्झौता गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको सम्झौतामा परियोजना कार्यान्वयन अवधि, लागत तथा कार्य संचालनका अन्य शर्तहरु समावेश गर्न सकिने छ ।

(५) परियोजना स्वीकृति र सम्झौता पश्चात् परियोजना सञ्चालनको लागि तोकिएको रकमको ३० प्रतिशत सम्बन्धित होमस्टेको खातामा उपलब्ध गराईनेछ । संयुक्त परियोजनाका हकमा संलग्न हुने होमस्टेहरुको सहमतिमा संलग्न मध्ये कुनै एक होमस्टेको खातामा रकम उपलब्ध गराइनेछ

(६) परियोजनाको कार्यप्रगतिको प्राविधिक मूल्यांकनका आधारमा बाँकि रकम उपलब्ध गराईनेछ ।

(७) समिति मार्फत निर्माण गरिने कार्यक्रमहरु कार्यान्वयन गर्दा उक्त योजनाको लागि विनियोजन भएको (कन्टेन्जेन्सि बाहेकको) रकमको कम्तीमा २० प्रतिशत बराबरको श्रम कार्य वा निर्माण सामाग्री वा सो बराबरको रकम समितिको तर्फबाट योगदान गर्नु पर्नेछ ।

(८) होमस्टेमा पूर्वाधार विकास सम्बन्धी परियोजनाका लागि पूर्वाधारको लागतको कम्तीमा १० प्रतिशत बजेट सम्बन्धित स्थानीय तहले छुट्याएको सुनिश्चितता सहित सिफारिस पत्र समावेश गर्नुपर्नेछ । तर सम्बन्धित स्थानीय तहले त्यसरी बजेट नछुट्याएको आधारमा मात्र परियोजना छनौट तथा संचालनमा बाधा पर्ने छैन ।

८. **कार्यक्रम सञ्चालनः** (१) परियोजना प्रस्ताव स्वीकृत भै सम्झौता गरेको १५ दिनभित्र समितिले कार्य प्रारम्भ गर्नु पर्नेछ ।

(२) समितिले सम्झौता अनुसार तोकिएको प्राविधिक तथा वातावरणीय सन्दर्भमा तोकिएको गुणस्तरको साथै सम्झौतामा उल्लेखित शर्त बमोजिम समयभित्र कार्यक्रम सम्पन्न गर्नुपर्नेछ ।

(३) समितिले सम्झौतामा उल्लेखित अवधिभित्र कार्य सम्पन्न गरी पेश्की फर्छ्यौट सहित अन्तिम किस्ताको भुक्तानी माग गर्नु पर्नेछ ।

(४) कुनै समितिले प्रस्तावमा उल्लेखित अवधिभित्र कार्य सम्पन्न गर्न नसक्ने भएमा मनासिब कारण खुलाई मन्त्रालय समक्ष म्याद थप गर्न निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेकोमा कारण मनासिब देखिएमा मन्त्रालयले आर्थिक बर्षलाई समेत ध्यानमा राखी बढिमा एक महिनासम्मको म्याद थप गर्न सक्नेछ ।

(६) कार्यक्रमको अनुगमन मन्त्रालय वा मन्त्रालय अन्तर्गतका निकायहरुबाट गराउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम अनुगमनको क्रममा दिएको लिखित निर्देशन पालना गर्ने जिम्मेवारी समितिको हुनेछ ।



सचिव

(८) समितिले प्राप्त रकम सम्झौतामा उल्लेखित कार्य र प्रयोजनको लागि मात्र खर्च गर्नु पर्नेछ। सम्झौता अनुसार खर्च नभएमा समितिका सबै सदस्यहरु व्यक्तिगत तथा सामुहिक रुपमा उत्तरदायी तथा जवाफदेही हुनेछन्। कुनै पनि आर्थिक अनियमितता भएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(९) सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि होमस्टेमा सञ्चालन भएको पर्यटन पूर्वाधार विकास क्रियाकलापको बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन, सामाजिक परीक्षण तथा प्राविधिकबाट जाँचपास र सम्बन्धित स्थानीय तहको सिफारिस सहितको कागजात पेश भएपछि किस्ता भुक्तानी वा अन्तिम फर्छ्यौट गरिनेछ।

(१०) परियोजनाको प्राविधिक जाँचपास गर्ने प्रयोजनका लागि सार्वजनिक निकायसंग समन्वय गरी प्राविधिक कर्मचारीहरुलाई कार्यालयले परिचालन गर्न सक्नेछ।

९. **होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण कार्यक्रम** : (१) मन्त्रालय वा कार्यक्रम हेर्ने कार्यालयले आँफै वा होमस्टे समुदाय मार्फत वा अन्य सेवा प्रदायक संस्था मार्फत होमस्टे क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(२) यस्ता कार्यक्रमहरु ग्रामीण पर्यटनको विकास गर्न, होमस्टेका कार्यहरुमा स्थानीय श्रोत साधनबाट आत्मनिर्भर बनाउन, संस्थागत विकास गर्न, समुदायमा आइपर्ने चुनौतीहरुलाई सामना गर्न र अवसरलाई उपयोग गरी जीवनस्तरमा सुधार ल्याउन, होमस्टेका सफल कार्यक्रमहरुको प्रचार प्रसार गर्न साथै समुदायको जिविकोपार्जनमा थप सहयोग गर्न सञ्चालन गरिनेछ।

(३) होमस्टे क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रमहरु अनुसूची-१ मा उल्लेख भए बमोजिमका हुनेछन्।

(४) यस्ता कार्यक्रम सञ्चालन गर्दा प्रचलित परम्पराको अधिनमा रही सञ्चालन गर्नुपर्नेछ।

(५) होमस्टे सशक्तिकरण तथा क्षमता अभिवृद्धि र सीप विकास कार्यक्रमहरु यथासम्भव स्थानीय स्तरका क्लष्टरहरुमा सञ्चालन गर्नु पर्नेछ।

(६) यस्ता कार्यक्रम सञ्चालन गर्न श्रोतव्यक्तिको रुपमा सो विषयसंग सम्बन्धित कार्यालयका कर्मचारी र अन्य सरोकारवाला सरकारी/गैह्रसरकारी निकायका जनशक्ति तथा कार्यरत कर्मचारीहरु रहन सक्नेछन्।

(७) यस्ता कार्यक्रमहरुका लागि सहभागी छनौट समितिले गर्नेछ र छनौट गर्दा समुदायका काममा सक्रिय रुपले लाग्ने, सिकेको ज्ञान, सीपको उपयोग गर्न सक्ने तथा अरुलाई पनि सीप प्रदान र प्रसारण गर्न सक्ने होमस्टे सदस्यहरुलाई प्राथमिकता दिनुपर्नेछ।

(८) प्रस्ताव मूल्यांकन समितिले होमस्टे सशक्तिकरण, क्षमता अभिवृद्धि तथा पूर्वाधार विकासको आयोजना कार्यक्रम सिफारिस गर्दा प्रदेश सरकारको विदा पर्यटनको प्रतिवेदनलाई समेत ख्याल गर्नुपर्नेछ।

(९) यस्ता कार्यक्रम सञ्चालन गर्दा तथा सहभागी छनौट गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणको आधारमा गराउनु पर्नेछ।

(१०) कार्यक्रम सम्पन्न भएपछि हरेक तालिम/गोष्ठीको विस्तृत विवरणहरु जस्तैः स्थान, सहभागीको संख्या, सहभागीको औचित्यताका साथै कार्यक्रमको प्रभावकारीता सम्बन्धी पृष्ठपोषण समेत उल्लेख भएको प्रतिवेदन तयार गरी कार्यक्रम हेर्ने कार्यालयमा पेश गर्नु पर्नेछ ।

१०. **सञ्चालित कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन र प्रतिवेदनः** (१) होमस्टेसँग सम्बन्धित सरोकारवालाहरुलाई समेटिएको तपसिल बमोजिमको अनुगमन तथा मूल्यांकन समितिले आवश्यकता अनुसार सञ्चालित कार्यक्रम, होमस्टे व्यवस्थापन तथा होमस्टे सञ्चालक समितिका कार्यहरु तथा होमस्टेका मापदण्डहरुको अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्नेछ ।

| | |
|---|---|
| क) मन्त्रालयको पर्यटन हेर्ने महाशाखाका प्रमुख | - संयोजक |
| ख) मन्त्रालय मातहतको निर्देशनालयको अधिकृत प्रतिनिधि | - सदस्य |
| ग) आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत प्रतिनिधि | - सदस्य |
| ङ) सम्बन्धित स्थानीय तहको अधिकृत प्रतिनिधि | - सदस्य |
| च) सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको वडा सदस्य | - सदस्य |
| छ) सामुदायिक होमस्टे एशोसियसन नेपालका प्रमुख वा प्रतिनिधि | - सदस्य |
| ज) कार्यक्रम हेर्ने कार्यालयको प्रमुख वा कार्यालयको प्रमुखले तोकेको अधिकृत | - सदस्य सचिव |

(२) अनुगमन तथा मूल्यांकनका लागि अनुसूची–४ बमोजिमको फारम प्रयोग गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिने अनुगमन तथा मूल्यांकनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम बुझाउने प्रतिवेदनको ढांचा अनूसुची–५ बमोजिमको हुनेछ ।

(५) अनुगमन गर्दा प्रस्तावमा उल्लेखित समयमा कार्य सम्पादन नगरेमा वा रकमको दुरुपयोग गरेको पाइएमा अनुगमन तथा मूल्यांकन समितिले त्यस्ता समितिको बैंक खाता रोक्का गरी सम्पन्न भएका कार्यहरुको मात्र भुक्तानी फरफारक गरी बाँकी अवधि तथा कार्यका लागि संझौता रद्द गर्न सिफारिस गर्न सक्नेछ ।

(६) माथि जुनसुकै कुरा लेखिएको भएतापनि स्वीकृत कार्यक्रम तथा बजेट अनुसारको कामको कार्यान्वयनको क्रममा र कार्य सम्पन्न भएपछि कार्यक्रम हेर्ने कार्यालयले नियमित अनुगमन, निरीक्षण, सहजिकरण तथा पृष्ठपोषण गर्नु पर्नेछ ।

११. **रकमको सीमाः** (१)परियोजनालाई दिइने रकम पूर्वाधार निर्माण र सशक्तिकरण तथा क्षमता अभिवृद्धि दुवै गरी प्रति परियोजना एकल परियोजनालाई बढिमा रु १५ लाखसम्म र संयुक्त परियोजनाका लागि रु ३५ लाखसम्म हुनेछ । तर क्षमता अभिवृद्धि तथा सशक्तिकरण र पूर्वाधार निर्माण कार्यक्रम मध्ये दुवै वा कुनै एकको मात्र परियोजना पेश गर्न पनि सकिनेछ । प्रस्ताव पेश गर्दा क्षमता अभिवृद्धि तथा सशक्तिकरणमा एकल परियोजनाका लागि अधिकतम रु ३ लाखमा नबढाई र संयुक्त परियोजनाका हकमा अधिकतम रु ५ लाखमा नबढाई पेश गर्नुपर्नेछ । माथि उल्लेखित क्षमता अभिवृद्धि तथा सशक्तिकरण सम्बन्धी कार्यहरु होमस्टेहरुले सामान्यतया सामूहिक रुपमा सञ्चालन गर्नुपर्नेछ ।

(२) परियोजना चालु आ.व. भित्र सम्पन्न गर्न सकिने प्रकृतिको हुनुपर्नेछ ।

१२. **संशोधन तथा हेरफेरः** मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।



सचिव

१३. <u>**बाधा अड्काउ फुकाउने अधिकार**</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. <u>**खारेजी तथा बचाउ**</u>: (१) होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पुँजिगत अनुदान दिने सम्बन्धी कार्यविधि ,२०७५ बमोजिम भए गरेका काम कारबाहि यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(२) होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पुँजिगत अनुदान दिने सम्बन्धी कार्यविधि ,२०७५ खारेज गरिएको छ ।

सचिव

अनुसूची - १

(दफा ४ को उपदफा (१) संग सम्वन्धित)

**(क) होमस्टेमा पूर्वाधार विकास कार्यहरु :**

"होमस्टेमा पूर्वाधार निर्माण कार्यहरु" भन्नाले होमस्टे सञ्चालन तथा प्रवर्द्धनसंग सम्वन्धित पर्यटक सूचना केन्द्र, सामुदायिक भवन, बहुउद्देश्यीय भवन, सार्वजनिक सभागृह, प्रदर्शनी स्थल, हस्तकला केन्द्र, कोसेली घर, सौगात गृह, सांस्कृतिक संग्रहालय, सार्वजनिक पुस्तकालय, पार्क र उद्यान , भ्यूटावर, प्रवेशद्वार, पदमार्ग, ढुङ्गेमार्ग, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, स्वच्छ खानेपानीको प्रबन्ध, ढल व्यवस्थापन, इन्टरनेट, टेलिफोन वा विद्युत सुविधा, सामुदायिक होमस्टे भवनका लागि फर्निचर तथा फर्निसिङ जस्ता निर्माण कार्यहरु पेश गर्न सकिने छ।

**(ख)होमस्टेमा सशक्तिकरण तथा क्षमता अभिवृद्धि सम्वन्धि कार्यहरु :**

होमस्टे व्यवस्थापन सम्बन्धी तालिमहरु, सामुदायिक घरवास संचालनसंग सम्वन्धित दोभासेका लागि स्थानीय, अंग्रेजी तथा अन्य भाषा तालिम, नेतृत्व विकास तालिम, सामुदायिक स्वास्थ्य तथा सरसफाइ कार्यक्रम, दलित तथा महिला क्षमता अभिवृद्धि, कोष निर्माण तथा परीचालन, कार्यक्रम प्रस्ताव तयारी, सामाजिक सदभाव अभिवृद्धि कार्यहरु, सामुदायिक आचार संहिता पालना, नेचर गाईड, सामाजिक तथा होमस्टे सञ्जालिकरण तथा प्याकेज निर्माण सम्वन्धि कार्यहरु, तालिम, स्थानीयकला, संस्कृति, भाषा, गीत, संगीत, नृत्य, भेषभूषा संरक्षण तथा विकास, स्थानीय वस्तु तथा सेवाको उत्पादन,व्यावसायिक लोकल कुखुरा पालन, मौरी पालन, वाख्रा पालन, हस्तकला, काष्ठकला, च्याउ खेती, दुना टपरी बुन्ने, अचार बनाउने, टनेल सागसव्जी खेती, मसला उत्पादन, स्थानीय रैथाने र परम्परागत प्रजातिको कृषि, फलफुल तथा सागसव्जी संरक्षण, अर्गानिक तरकारी खेति, व्यवसायिक तरकारी खेती, परम्परागत तथा चाडपर्व अनुसारका पक्वान्न परिकार बनाउने जस्ता वा यस्तै प्रकृतिका होमस्टे पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने किसिमका साँस्कृतिक, पुरातात्विक, प्राकृतिक, पर्यावरणीय महत्वका विषयहरुको संरक्षण, प्रवर्द्धन र दिगो उपयोग गर्ने तथा स्थानीय उत्पादन अभिवृद्धि, विकास र पुनस्थापना मार्फत पर्यटन विकास तथा स्थानीय समुदायहरुको आयआर्जनमा वृद्धि गर्ने जस्ता कार्य एवम् होमस्टे समुदायहरुलाई आवश्यकता अनुसार रेकर्ड किपिङ तथा लेखा व्यवस्थापन तालिम सञ्चालन लगायत पर्यटन विकास तथा प्रवर्द्धन संग सम्वन्धित प्राविधिक विषयवस्तु पेश गर्न सकिने छ।

सचिव

अनुसूची - २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## परियोजना प्रस्तावको ढाँचा

**भाग १ संस्थागत विवरण :**

(क) नाम :

(ख) ठेगाना :

इमेल : टेलिफोन

(ग) दर्ता भएको स्थान, मिति र दर्ता नं. :

(घ) नविकरण मिति :

(ङ) सम्पर्क व्यक्तिको नाम : पद :

इमेल : टेलिफोन :

**भाग २ परियोजनाको संक्षिप्त विवरण :**

(क) परियोजनाको नाम :

(ख) परियोजना सञ्चालन हुने स्थान :

(ग) परियोजनाको जम्मा बजेट :

(घ) माग गरिएको रकम :

(ङ) अन्य साझेदार भए साझेदारको नाम र ठेगाना :

(च) साझेदारको लगानी रकम :

(छ) परियोजना अवधि :

(ज) परियोजनाको उद्देश्यहरु :

(झ) प्रस्तावित मुख्य क्रियाकलापहरु र परिणाम :

(ञ) परियोजनाबाट प्राप्त हुने अपेक्षित उपलब्धि :

सचिव

**भाग ३ परियोजनाको विस्तृत विववरण :**

(क) कार्ययोजना :

**पुर्वाधार विकास**

| क्र.सं. | क्रियाकलाप | समय (हप्ता वा महिना) | | | | जिम्मेवार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**सशक्तिकरण तथा क्षमता अभिवृद्धि**

| क्र.सं. | क्रियाकलाप | समय (हप्ता वा महिना) | | | | जिम्मेवार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(ख) युवा जनशक्तिको उपलब्धता (होमस्टे सञ्चालन हुने घरमा १८-४० वर्ष उमेर समूहका) :

(ग) संस्थागत विवरण (कर्मचारी, साधन, श्रोत, कार्यालय, आदि) :

(घ) बैंकको नाम र खाता नम्बर :

(ङ) प्रस्तावित परियोजनाको बजेट :

| क्र. सं. | विवरण | | इकाई | परिमाण | दर | जम्मा रकम | संस्थाको योगदान | माग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुर्वाधार विकास संवन्धी | क्षमत्ता अभिवृद्धि तथा सशक्तिकरण सम्बन्धी | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(च) होमस्टेको व्यवस्थापकीय पक्ष

- भवन तथा बेडको संख्या.....
- स्थानीय उत्पादनको प्रयोग......
- जनशक्ति प्रयोगको अवस्था....
- सांस्कृतिक पक्षको जगेर्ना........
- आगन्तुकको संख्या तथा बार्षिक आम्दानी.........
- लेखापरीक्षण.....
- नियमित बैठक......
- बगैंचा तथा आन्तरिक सजावट आदि

(छ) समावेशिता

- युवा......
- महिला.....
- जनजाति......
- दलित.........
- पिछडिएको वर्ग आदि)

(ज) वातावरणमैत्री प्रस्ताव

- हरियालीको विकास.......
- सरसफाई......
- भुक्षय नियन्त्रण...
- पानीको स्रोतको संरक्षण.....
- वन क्षेत्रको संरक्षण.......
- बगैंचा........
- प्रदुषण नियन्त्रणका उपायहरु

(झ) पर्यटन पूर्वाधार विकासमा स्थानीय श्रोत तथा साधनको प्रयोग (ढुङ्गा, माटो, काठ, बाँस लगायतका वस्तु) (लागत अनुमान अनुसार)

(ञ) नविन अवधारणा सहितका कार्यक्रम /पर्यटकीय संभाव्ययता

(ट) पर्यटकीय गतिविधिहरुको विवरण

मेला,महोत्सव, प्रतियोगिता आदि)



सचिव

प्रस्तावकको तर्फबाट हस्ताक्षर तथा छाप

हस्ताक्षर........................................

नाम..............................................

ठेगाना...............................

होमस्टेको नाम.................................

..........................

छाप

सचिव

## अनुसूची -

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

परियोजना प्रस्ताव मूल्यांकनको अंकभार

स्थानीय तहबाट सिफारिस नभएको परियोजना मूल्यांकन प्रकृयामा समावेश गरिने छैन । परियोजनासँग सम्बन्धित कागजातको प्रतिलिपि संलग्न गरेको हुनुपर्नेछ । परियोजना प्रस्ताव मुल्याङ्कनको अंकभार देहाय बमोजिम हुनेछ :

परियोजना प्रस्ताव मूल्यांकनको अंकभार : कुल १०० हुनेगरी तपसीलको भित्रमा तोकिने ।

| क्र.सं. | आधार | अंकभार |
|---|---|---|
| १ | लागतमा सहभागिता (जनश्रमदान,निर्माण सामाग्री, रकम वा सो बराबरको कुल रकम) - २० प्रतिशत भन्दा बढि | २०-४० |
| २ | होमस्टेको व्यवस्थापकीय पक्ष (भवन तथा बेडको संख्या, स्थानीय उत्पादनको प्रयोग,सांस्कृतिक पक्षको जगेर्ना,आगन्तुकको संख्या तथा वार्षिक आम्दानी,लेखापरीक्षण,नियमित बैठक, बगैंचा तथा आन्तरिक सजावट आदि | १५-२५ |
| ३ | समावेशीता (युवा, महिला, जनजाति, दलित, पिछडिएका वर्ग आदि) | १०-१५ |
| ४ | वातावरणमैत्री प्रस्ताव (सरसफाई, हरियालीको विकास, भूक्षय नियन्त्रण,पानीको स्रोतको संरक्षण,वन क्षेत्रको संरक्षण,बगैंचा,प्रदुषण नियन्त्रणका उपायह | ५-१५ |
| ५ | पर्यटन पूर्वाधार विकासमा स्थानीय श्रोत तथा साधनको प्रयोग (ढुङ्गा, माटो, काठ, बाँस लगायतका वस्तु) (लागत अनुमान अनुसार) | ५-१५ |
| ६ | नविन अवधारणा सहितका कार्यक्रम /पर्यटकीय संभाव्यता | ५-१५ |
| ७ | पर्यटकीय गतिविधिहरुको विवरण (पर्यटकीय अवस्था,मेला,महोत्सव, प्रतियोगिता आदि) | ५-१० |
| | कूल जम्मा | १०० |

परियोजना छनौट गर्दा न्यूनतम ५० अंक प्राप्त गरेको हुनुपर्नेछ ।



सचिव

अनुसूची-४

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

## अनुगमन तथा मूल्याङ्कन फाराम

(क) परियोजनाको नाम :

(ख) कार्यान्वयन गर्ने संस्था/समिति :

(ग) परियोजना स्थल :

(घ) कुल बजेट :

मन्त्रालयबाट प्राप्त रकम : समितिको योगदान : अन्य संस्थाबाट प्राप्त :

(ङ) बजेट उपलब्ध गरिएको मिति :

प्रथम किस्ता : दोस्रो किस्ता : तेस्रो किस्ता :

(च) परियोजना शुरु मिति : सम्पन्न मिति :

(छ) परियोजना क्रियाकलाप र प्रगति सम्बन्धि तालिका :

(ज)परियोजना कार्यान्वयनका क्रममा देखिएका समस्या समाधानका विकल्प र गरिएका प्रयासहरु :

(झ) सुझावहरु :

(ञ) परियोजना कार्यान्वयन गर्ने संस्था/समितिको भनाइ :

(ट) सुपरिवेक्षकको

नाम : हस्ताक्षर :

पद : मिति :



सचिव

## अनुसूची ७

(दफा १० को उपदफा (४) संग सम्बन्धित)

## अनुगमन तथा मूल्यांकन प्रतिवेदनको ढाँचा

(क) परियोजनाको नाम :

(ख) कार्यान्वयन गर्ने संस्था/समिति :

(ग) परियोजना स्थल :

(घ) कुल बजेट :

मन्त्रालयबाट प्राप्त रकम : समितिको योगदान : अन्य संस्थाबाट प्राप्त :

(ङ) परियोजना शुरु मिति : सम्पन्न मिति :

(च) समस्या र समाधानका उपायहरु :

परियोजना कार्यान्वयनको क्रममा :

परियोजना सम्पन्न भएपछि देखिएका :

(छ) प्रमुख उपलब्धीहरु :

(ज) सुझावहरु :

सबल पक्षहरु :

सुधार्नु पर्ने पक्षहरु :

चुनौतीहरु :

सम्भावनाहरु :

(झ) अनुगमन तथा मूल्यांकनकर्ता :

नाम : हस्ताक्षर :

पद : मिति :